p 3548.5

हर्क बहादुरले कसलाई भोट हाल्छन् ?

पिपल डाडा गाउँको हर्क बहादुरले एक दिन वजार जाँदा त्यहाँ चौरमा ठूलो भिड देखे ।

उनले मन मनै भने- "आम्मै के को जात्रा रहेछ ? " आफ्नै गाउँको मास्टरलाई त्यहाँ देखेर उनले सोधे-"मास्टर साप, यो के को भीड हो ?"

मास्टरले भने- "लौ, थाहा छैन ? अब १ महिना पछि चुनाव हुँदैछ । १८ वर्ष पुगेका सबैले भोट हाल्न पाउँछन् । त्यसैको लागि भोट माग्न नेताले भाषण गरिरहेका छन् ।"



हर्क बहादुर र मास्टर साप दुवै जना चौरमा बसेर भाषण सुन्न लागे ।

नेताले भाषणमा भन्दै थिए- "म तपाईहरूको भलो हुने काम गर्छु । मलाई भोट हालेर जिताउनु होस् ।"

हर्क बहादुरले भने- "सबैले भलाई हुने काम गर्छु भन्छन् तर कसैले गर्दैनन् ।"

मास्टरले भने- "साच्चिकै भलाई गर्ने मानिस त आपुले पो छुट्याउनु पर्छ । चुनावको वेलामा मिठो बोल्यो, राम्रो भाषण गर्‍यो भन्दैमा कहाँ हुन्छ र ?"

घर फर्किंदा बाटोमा हर्क बहादुरले भने- "म त भोट हाल्दिन ।"

मास्टर सापले भने- "दमनकारी पंचायती शासनको विरोधमा संघर्ष गरेर यत्रो प्रजातन्त्र आएको छ । अब राज्यको सबै शक्ति जनताको हातमा छ । त्यसैले हामी जनताले ठिक मानीसहरूलाई छानेर शासन गर्न लगाउनु पर्छ । राम्रो बुद्धि र असल विचार भएका मानिहरूको सरकार बन्यो भने हाम्रो देश र गाउँघर विकास गर्ने काम राम्रोसंग गर्छन । त्यसैले भोट हाल्नै पर्छ ।__अँ, बरू कसलाई हाल्ने आफैं विचार गर ।"

साँझ घर फर्केपछि हर्क बहादुर पीढिमा बसेर तर्कना गर्न थाले - "अब कसलाई भोट हालुँ ।"

लोग्ने बजार वाट फर्केपछि पनि केही नबोली पिढीमा बसेको देखेर उनकी श्रीमती सुन्तलीले सोधिन - "होइन, पैसा हराएर आयौं कि क्या हो ?"

हर्क बहादुरले भने- " नकरा न । भोट कसलाई दिउँ भनेर विचार पो गरेको । तँ पनि सोची राख ।"

सुन्तलीले च्याठ्ठीएर भनिन्- "पर्दैन भोट हाल्न । पहिलेको कुरा विर्सियौं ?"



हर्क बहादुरले पहिलेको कुरा सम्झिन थाले ।

परारसाल सय रूपियांको लोभमा परेर हर्क बहादुरले राम मुखियालाई भोट हालेका थिए । घरैमा पैसा दिन पठाउने राम मुखिया साहै असल छन् भन्दै उनले छिमेकीहरूलाई समेत भोट हाल्न लगाए ।

नभन्दै राम मुखियाले चुनाव जिते ।

"अब हाम्रो सबै दुःख हट्ने भो" भनेर हर्क बहादुर औंधी रमाए । मुखियाले चुनाव जितेको जुलुसमा हर्क बहादुर पनि खुशी भएर नाँच्दै अघि लागे ।

त्यहि वर्ष ठूलो भुईचालो गयो । घर भत्किएर हर्क बहादुरको परिवार विचल्लीमा परे । गाँस वासकै ठेगान भएन । आँगनमा बसेर लोग्ने स्वास्नी कुरा गर्न थाले ।

सुन्तलीले भनिन- "सहायता कोषबाट पैसा पाइन्छ भन्छन । जाउ न, आफ्नै मुखिया मन्त्रीलाई भनेर पैसा लिएर आउ । "

हर्क बहादुरले भने- "मैले त भण्डै विर्सिएको । हो त, आफ्नै राम मुखिया मन्त्री छंदै छन् नी । "

हर्क बहादुर मन्त्री राम मुखिया कहाँ पैसा माग्न गए ।

तर मन्त्रीले भने- "तँ जस्तोलाई पैसा दिएर मलाई के फाइदा ? पैसा सकियो । बाहिर जा ।"

हर्क बहादुरले भने- "मुखिया साप । भन्न मैले भोट हालेर जिताएको । मलाई उल्टै गाली गर्ने ?"

मन्त्रीले कड्केर भने- "मलाई मेरो पैसाले पो जिताएको । तेरो भोटले हो र ?"

हर्क बहादुर छक्क परे । सय रूपैयाले गर्दा ठूलो धोका भयो भनेर उनलाई पछुतो भयो ।

हर्क बहादुरले त्यो भन्दा पहिलेको कुरा सम्झिए ।

एक दिन बाटोमा ठुलो साहुले हर्क बहादुरलाई डाकेर भने- "ए हर्के भाई । हामीलाई देख्न पनि छोड्यौ कि कसो हो ?"

हर्क बहादुर जिल्ल परे । "कहिल्यै राम्रो संग नबोल्ने साहुले आज किन यति मिठोसंग बोलाएको रहेछ ?"

ठुलो साहुले हर्क बहादुरलाई भित्र कोठामा कुरा गर्न जाउँ भनेर लगे ।

भित्र गाउँका अरू मानिसहरू पनि बसेर रक्सी खाँदै रहेछन् । हर्क बहादुर पनि बसेर रक्सी खान थाले । कुरै कुरामा उनले थाहा पाए, ठुलो साहु चुनावमा उठेका रहेछन् ।

रक्सीको सुरमा सबैले भने- "ठुलो साहु जस्तो असल मान्छे अरू कोही छैन ।" हर्क बहादुरले पनि रक्सीको सुरमा अरूसंग ठुलो साहुलाई नै भोट हाल्ने वाचा गरे ।



रातभरी हर्क बहादुरले बेस्सरी रक्सी खाए ।

भोली पल्ट भोट हाल्न जाँदा पनि हर्क बहादुरलाई रक्सी लागेकै थियो ।

भोट हाल्न लाईन लाग्दा पनि उनले कराएर भने- "म त ठुलो साहुलाई नै भोट हाल्छु ।

हर्क बहादुर कराएको सुनेर अरूले भने- "कस्तो बेवकुफ रहेछ ? आफुले भोट दिने कुरा पनि भन्ने । "

यसरी रक्सी कै सुरमा हर्क बहादुरले ठुलो साहुलाई नै भोट हाले ।

घर आएर रक्सीले छोडेपछि उनलाई पछुतो भयो ।

सुन्तलीले पनि हर्क बहादुरलाई गाली गर्दै भनिन्- "खुब राम्रो काम गर्‍यौ ? त्यो जाली साहुलाई भोट हालेर ।"

"जाली तमसुकको भरमा तल्लो खेत उसले खाएको विर्सियौ ?"

हर्क बहादुरले बल्ल सम्झिए । रक्सीको सुरमा आफूले ठुलो गल्ती गरेको जस्तो लाग्यो ।

हर्क बहादुरले जम्मा पचास रुपैयाँको लागि ठुलो साहुले दुईवटा दुहुनो गाई लगेको कुरा सम्झिए ।

दिनको पाँच पाँच माना दुध दिने हर्क बहादुरको दुईवटा गाईहरूमा ठुलो साहुले पहिले देखि आँखा गाडेको थियो । विचरा हर्क बहादुरले खान नपाएर उधारो चामल लिएको पैसा तिर्न नसकेको निहुमा ठुलो साहुले उसका ति दुई वटा गाईहरू फुकाएर लगेका थिए ।

पहिलेका कुरा सम्झिएर हर्क बहादुरलाई राति पनि राम्रो संग निंद्रा परेन ।

हर्क बहादुरलाई कसलाई भोट दिने भनेर सारै चिन्ता परयो ।

हर्क बहादुरले मन मनै विचार गरे- "पैला त पैसा र रक्सिको लोभले ठगिए । अब त ज्यान काटे ठगिनु भएन ।"

उनी सल्लाह गर्न मास्टर कहाँ गए ।

मास्टरको घरको आँगनमा बसेर दुवै जना कुरा गर्न लागे । हर्क बहादुरले भोट हाल्दा पैले आफु ठगिएको सबै कुरा बताए ।

मास्टरले पनि हर्क बहादुरलाई भोट कस्ता मानिसलाई दिनु पर्छ भनेर सबैकुरा राम्रो संग बताई दिए ।

मास्टरले भने- "हर्के दाई असल र खराब मानिस छुट्याएर मात्र भोट हाल्नु पर्छ । पहिले त्यो मानिस कस्तो थियो । गरिबको भलो गर्ने, दुःख नदिने खालको थियो थिएन विचार गरेर मात्र भोट हाल्नु पर्छ । अहिले चुनावको बेलामा मीठो बोली बोल्यो, राम्रो कुरा गर्‍यो भनेर मात्र हुँदैन ।"

मास्टर भन्दै गए- "हेर हर्के दाई कसैले पैसा दियो, रक्सी खुवायो भन्दैमा भोट हाल्नु आफुलाई बेच्नु बराबर हो । भोट हाल्दा कसैसँग डराउनु पर्दैन । तिमीले भोट कस्लाई हालेको कसैले देख्दैन । त्यसैले त गोप्य मतदान भनेको हो ।"

बल्ल हर्क बहादुरलाई चित्त बुझ्यो ।

उनले भने- "यसपाली रक्सी र पैसामा आफुलाई बेचेर भोट हाल्दिन । सबभन्दा असल मानिस छानेर मात्र भोट हाल्छु । मैले किरिया खाएं मास्टर साप ।"

"निर्धक्क भएर आफ्नो मताधिकार को उपयोग गरौं"



शब्द तथा अवधारणाः
नविन प्याकुर्याल

चित्रः नगेन्द्र पौड्याल तथा
ज्ञानेश्वर उदय

प्रकाशक
अनौपचारिक क्षेत्र अध्ययन केन्द्र (इन्सेक)
कालिमाटी, काठमाडौं

Digitized By: Bimal Chandra Sharma